# आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम




**कचनकवल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेश, बनियानी झापा, नेपाल**
**मिति २०८२ असार १० गते मंगलबार**

## "उत्पादन, रोजगार, पर्यटन र पूर्वाधार: कचनकवलको विकास र समृद्धिको आधार"

कचनकवल गाउँपालिकाको आ व २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम सार्वजनिकरण समारोहमा उपस्थित हुनु भएका,

गाउँ सभाका उपाध्यक्षज्यू,<br>
गाउँ सभाका सदस्यज्यूहरु,<br>
गाउँ सभाका सचिव ज्यू ,<br>
राष्ट्रसेवक कर्मचारीहरु,<br>
सुरक्षाकर्मी मित्रहरु,<br>
पत्रकार तथा सञ्चारकर्मी साथीहरु,<br>
समाजसेवीहरु,<br>
कचनकवलबासी दिदीबहिनी तथा दाजुभाइहरु र<br>
देश तथा विदेशमा रही हामीलाई सुनिरहनु भएका सम्पूर्ण महानुभावहरु।

नेपालको संविधान अनुसार कचनकवल गाउँपालिकाको भावी विकासको अभिभारा हाम्रो काँधमा सुम्पनु भएका सम्पूर्ण पालिकावासीज्यूहरुप्रति कृतज्ञता प्रकट गर्दछु । सम्पूर्ण पालिकावासीको हित र कल्याणका लागि गरेका प्रतिबद्धता र बचनबद्धताप्रति हामी कटिबद्ध छौँ।

नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्रका लागि भएका विभिन्न आन्दोलनहरुमा आफनो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौ । ती आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजप्रति उच्च सम्मान व्यक्त गर्दछु र नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुर्याउनुभएको उच्च योगदानको पुनः स्मरण गर्न चाहन्छु । यस गौरवान्दित अवसरमा म नेपालको राजनीतिक परिवर्तनमा योगदान गर्नुहुने सम्पूर्ण राजनेताहरु, बलिदान गर्नुहुने ज्ञात अज्ञात सहीदहरु तथा सहयात्रामा हिड्नुहुने सम्पूर्ण पेशाकर्मी, नागरिक समाज, बुद्धिजीवि तथा आम नेपाली दाजुभाई तथा दिदीबहिनीहरुलाई विशेष सम्मानसाथ स्मरण गर्न चाहन्छु ।

मुलुकको राजनीतिक तथा प्रशासनिक संरचना परिवर्तन पश्तातको यो घडीमा उभिएर संविधानले परिकल्पना गरेको दीगो शान्ति एवंम् हामी सबैले अपेक्षा गरेको समृद्ध नेपाल सुखी नेपालीको लक्ष्यलाई आत्मसाथ गरी कचनकवल गाउँपालिकाको विकास र समृद्धको लागि वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न यहाँहरु माझ उभिएको छु ।

लोकतन्त्र आफैमा जनमुखी शासन विधि र प्रकृया हो । स्थानीय सरकारले लोकतन्त्रको मूल्य रविधिलाई कानुन तर्जुमा सेवा प्रवाह, विकास र विपद व्यवस्थापनका माध्यमबाट स्थानीयकरण गरेको छ । नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनी व्यवस्थाले स्थानीय तहलाई नीति निर्माण, विकास व्यवस्थापन, श्रोत र संसाधनको परिचालन, सेवा प्रवाह एवंम् सुशासन र विपद व्यवस्थापनको कार्यसूची प्रदान गरेको छ । स्थानीय तहमा जनताबाट प्रत्यक्ष निर्वाचित नेतृत्वलाई कार्यकारिणी, विधायकि र न्यायिक अधिकार प्रदान गरि लोकतन्त्रको वैधता र विश्वासलाई जनताकै मन मस्तिष्कबाट अनुमोदन हुन अवसर प्राप्त भएको छ । कचनकवल गाउँपालिकाले पनि संविधान

र कानुनले दिएको अधिकारलाई र अभिभारालाई न्याय सम्पादन, विकास व्यवस्थापन, राजस्व परिचालनका माध्यमबाट कार्यान्वयन गरी स्थानीय शासनप्रति नागरिकहरुको वैधता र विश्वास आर्जन गर्ने कार्यमा अगाडी बढेको छ । जनताको Right, choice र voice लाई जनाताले प्रदान गरेको Right place लाई हामी सदैव सम्मान गर्दछौं । जनताको सामू गरिएका बाचा र प्रतिबद्धतालाई केन्द्रमा राखी योजना तथा कार्यक्रमलाई प्राथमिकिकरण गरेकोछु ।

पालिकाबाट सम्पादन भएका महत्वपूर्ण क्रियाकलापलाई समिक्षात्मक रुपमा पेश गर्ने अनुमती चाहन्छु ।**अब म कचनकवल गाउँपालिकाबाट सम्पादन भएका महत्वपूर्ण क्रियाकलापहरुलाई समीक्षात्मक रुपमा पेश गर्ने अनुमति चाहन्छु ।**

- गाउँपालिकाबाट आ.व. २०८१/०८२ सम्मका योजना तथा कार्यक्रमहरुको छनोट र कार्यान्वयन भएको कार्य योजना प्रकृयाको विश्लेषण गर्दा वितरणमुखी पद्धतिमा सुधारको आवश्यक रहेको छ । पालिकाको कार्यक्रम तथा योजनाहरुलाई स्थानीय गौरवका आयोजना, रणनैतिक योजना, उत्पादनमुखी योजना तथा पहुँचमुखी योजनाको रुपमा विभाजन गरी बहुवर्षीय रुपमा कार्यान्वयन गरेमा उपलब्धी हुने देखिन्छ । यसको सुरुवातको रुपमा चालू आ व २०८१/०८२ मा गाउँपालिकको पश्चिमी क्षेत्रको वडा नं १ स्थित नन्दिडाँडा घेराबारी २(१/२)किलोमिटर सडक कालोपत्रे योजना, सोही वडा स्थित जमुना खोलामा मोटरेवल पक्की पुल निर्माण, देशकै होचो स्थानका रुपमा रहेको वडा नं ४ को केचना स्थित कचनकवल निर्माण बहुवर्षीय योजनाको निरन्तरता दिएको छु, वडा नं ६ स्थित प्राथमिक स्वास्थ्य केन्द्र परिसरमा निर्माणाधीन १५ शैयाको अस्पताल, केदार राजवंशीको घर उत्तर जमुना खोला पुल डाँगीबारी- मोति मा.वी, हुँदै दल्की जोड्ने सडक कालोपत्रे, पाठामारी आमाजुवानी पश्चिम ट्रस ब्रिज निर्माणमा तीब्रता दिँदै यी लगायत अन्य विभिन्न पालिका स्तरीय गौरवका योजना सञ्चालनमा रहेका छन्। पालिकाको कूल बजेटको हिस्सामा पुँजीगत बजेटको अंश ४५ प्रतिशत रहेकोमा चालु खर्चलाई वाञ्छित सीमामा राखी पुँजीगत खर्च प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ भने सशर्तका कार्यक्रमको कार्यान्वयन ढाँचा, खरिद प्रणाली तथा मापदण्डमा सुधार आवश्यक छ ।
- वि सं २०७४ देखि हालसम्म तर्जुमा गरिएका पालिकाका ऐन १२, नियमावली १६, कार्यविधि ३४ र निर्देशिका १२ वटा तर्जुमा भई कार्यान्वयन आएका छन् । संविधानको एकल कार्यसूचीलाई नागरिककै संलग्नता तथा बहस र पैरवीमा आन्तरिकीकरण भए पनि साझा सूचीका कार्यभारको अभिभारालाई ऐन कानुन तर्जुमा गरी कार्यान्वयन गर्न बाँकी नै छ । तसर्थ पालिकाको विधायन समितिको क्षमता विकास गर्दै सरोकारवालाहरुको संयन्त्र निर्माण गरी नागरिकमा कानुनी साक्षरता अभियान सञ्चालन गरी मूल्यमुखी( Value Based) नीति तर्जुमा पद्धतिलाई तथ्यपरक( Fact Based ) तथा जनमुखी( People centric) कार्यप्रणालीमा सुधार गर्नुपर्ने देखिन्छ ।
- रोजगारी तथा सीप विकासका लागि रोजगार सेवा केन्द्र, लघु उद्यम विकास कार्यक्रम (मेड्पा),गरिबसँग विश्वेश्वर कार्यक्रमले तालिम र सीप विकासका कार्यक्रम सञ्चालन गरे तापनि यस्ता तालिमको सान्दर्भिकतालाई पुनरावलोकन गरी गरिखाने तथा बजारको माग अनुरुप पुनर्बोध गर्नुपर्ने देखिएको छ । त्यसैले व्यक्तिमा निहित सीप,ज्ञान र क्षमताको उजागर गर्दै स्थानीय आर्थिक समुन्नति र आर्जन बढ्ने तालिम तथा सीपमा लगानी गर्नु आवश्यक छ ।

- पालिकाले प्रत्येक वडामा स्वास्थ्य चौकी स्थापना गरी सेवाको विस्तार वडा तहसम्म गरेको छ। यधपी घातक, दिर्घ सरुवा आदि रोगको पहिचान उपचार र विस्तारका लागि स्वास्थ्य सेवालाई नागरिककै घरदैलोमा विस्तार गर्न आवश्यक सेवालाई जनताकै मन, मस्तिष्क र हातले छुने, देख्ने र अनुभूती गर्ने गरी स्वास्थ्य सेवालई घुम्ती तथा घरदैलो (Door to Door) माध्यमबाट गुणस्तर र पहुँच विस्तार गर्नु जरुरी छ।सर्वसाधारण जनताको स्वास्थ्य सेवा प्रति स्थानीय सरकार जिम्मेवार बन्दै संघीय सरकारको नीति अनुरुप निशुल्क आधारभुत स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ। यस गाउँपालिकाका बासिन्दामा स्वास्थ्य बीमा कार्यक्रमप्रति आकर्षण देखिँदै गएको छ। आर्थिक अवस्था कमजोर भई स्वास्थ्य बीमामा आबद्ध हुन नसकेका विपन्न नागरिकको स्वास्थ्य बीमा गर्ने पालिकाको नीति अनुरुप करिब २५०० विपन्न नागरिकहरुको पालिकाले निशुल्क स्वास्थ्य बिमा गरी स्वास्थ्य बिमा लाभग्राहीको रुपमा सूचीकृत भैरहेका छन् भने करीब १५०० बीमितले स्वास्थ्य सेवा लिएका छन्। पालिकाका नागरिकहरुलाई स्वास्थ्य बीमाको पहुँचमा ल्याउँदा आर्थिक व्ययभार र लागत बढ्ने हुँदा लाभग्राहीको छनोट र पहुँचको अनुपात मिलान गर्नुपर्ने देखिएको छ र विपन्न नागरिकमा केन्द्रीत भई यस सेवालाई विस्तार गर्नुपर्ने देखिन्छ। विगत आ.व. हरुमा गर्भवती महिलालाई सुरक्षित प्रसुती गराउन स्वास्थ्य संस्थासम्म पुर्याउन र ल्याउन निशुल्क एम्बुलेन्स सुविधा र सुत्केरी पोषणका लागि २ पटक सम्मको प्रजनन बापत प्रति सुत्केरी रु ३००० पोषण भत्ता बापत उपलब्ध गराईएको थियो। यसलाई थप व्यवस्थित बनाउन गत आ.व. बाट सुत्केरी सुविधालाई स्वास्थ्य बिमा संग जोडिएको छ | कचनकवल गाउँपालिका भित्रका नागरिकहरुको स्वास्थ्यको हक सम्बन्धी विषयलाई मध्यनजर गरी गाउँपालिकाले गत आ.व. मा प्राथमिक स्वास्थ्य केन्द्र बनियानीबाट प्रदान गरिने सेवामा विस्तार गर्दै दक्ष जनशक्तिको व्यवस्थापन गरी ओम साई पाथिभरा अस्पताल भद्रपुर, झापा संगको सहकार्यमा विशेषज्ञ सेवा सहितको स्वास्थ्य सेवाको व्यवस्था गरेको थियो तथा यस आर्थिक वर्षमा १५ शैयाको आधारभूत अस्पतालको निर्माण कार्य सम्पन्न गरि अत्याधुनिक सेवा तथा प्रविधिको बिस्तार सहित सबै नागरिकमा शुलभ र सहज स्वास्थ्य सेवा प्रदान गर्न पालिका प्रतिवद्ध रहेको छ तथा UNDP संगको सहकार्यमा पाठामारीमा विपन्न समुदाय आय आर्जन कार्यक्रम संचालन भई निरन्तर कार्यान्वयनको क्रममा रहेको छ।
- गाउँपालिकाले पालिकाका बासिन्दाहरुको आर्थिक जीवनमा सकारात्मक परिवर्तन ल्याउनका लागि स्थानीय उत्पादन र बजारीकरणका माग तथा साझेदारीमा आधारित कार्यक्रमहरु लागू गरेको छ। यस खालका कार्यक्रमहरु उत्पादनका क्षेत्रसँग भन्दा पनि माग तथा वितरणमुखी प्रकृति रहेका छन। त्यसैले स्थानीय श्रम तथा स्रोतको उपयोग गरी उत्पादन तथा प्रतिफलसँग जोडिने गरी स्वरोजगार र आम्दानी बढाउन यस्ता कार्यक्रमको ढाँचा र स्वरुपमा आमूल परिवर्तन गर्न आवश्यक छन।
- पालिकाभित्रका बासिन्दाहरुमध्ये करिब ८० प्रतिशत परिवार कुनै न कुनै रुपमा कृषिमा नै आवद्ध छन्। सीमित क्षेत्रमा धान, मकै, तरकारी, गहुँका क्षेत्रहरुलाई पकेट कार्यक्रमका रुपमा प्रबर्द्धन गरिए पनि स साना कृषकहरुमा उत्पादनमुखी सामूहिक भावनाको विकास गर्न जरुरी छ।
- पालिकाको स्थानीय आर्थिक विकासका लागी मुख्यरुपमा "उद्योग व्यवसायहरूको विकास एवं प्रवद्र्धन" र "उद्योग व्यवसायहरूको पुनरोत्थान" लाई प्राथमिक रुपमा जोड दिई पालिकाले उद्दोग ग्राम सञ्चालन, नीतिहरूको तर्जुमा, आवश्यक पुर्वाधार सहितको उद्योग व्यवसाय संचालनका लागी स्थानको व्यवस्थापन,

परामर्श सेवाहरूको उपलब्धता, समन्वयमा बजार अनुसन्धान, प्रक्रियागत सहजीकरणमा केन्द्रित हुनुपर्ने देखिन्छ।

- पर्यटन प्रवद्र्धनका लागि CAN ( Culture, Adventure and Nature) Model पहिचान गरी यसको प्रयोग र उपयोगका लागि नेपालकै सबैभन्दा होचो स्थान केचना स्थित कचनकवल स्तम्भ, आदिबासी जनजाति राजवंशी समुदाय, गन्धर्व सन्थाल आदिको पहिचान स्थलहरुमा होमस्टे केन्द्रहरु पर्यटकीय पूर्वाधार तथा सांस्कृतिक पहिचानमा लगानी जरुरी छ। संस्कृति, प्रकृति र जीवनलाई संयोजन गरी पर्या –पर्यटन (Eco Tourism ) लाई विकास गर्न जरुरी छ।
- वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गरी स्वरोजगार तथा रोजगार सिर्जनाका गाउँपालिकाले पालिका – नागरिक साझेदारी परियोजना तथा कार्यक्रम लागू गर्नुपर्ने देखिन्छ। साथै विदेशी पूँजी प्रविधि र ज्ञानलाई परिचालन गर्न बीउ पूँजी (Seed Money ) को प्रबन्ध गरी स्थानीय स्तरमा स्वरोजगारी तथा रोजगारी सिर्जना गरेमा वैदेशिक रोजगारमा जानु पर्ने अवस्थालाई न्यूनीकरण गर्न सकिने देखिन्छ।
- **कचनकवल गाउँपालिकाको भूभागभित्र सडक सञ्जाल बाहिर रहेका सवै घरलाई सडक सञ्जालभित्र ल्याउने, नागरिकको सुरक्षित आवत जावतको अधिकारको सुनिश्चितता गराउने, सडक पहुँच स्थापित गर्ने, सडक फराकिलो तथा स्तरोन्नतिका लागि सडक क्षेत्रमा व्यापक लगानी र स्रोतको खाँचो रहेको छ। पालिकाक्षेत्रभित्र अधिकांश ग्रामीण स्थान रहेकोले धेरैजसो सडकलाई कालोपत्र गर्ने तथा स्तरोन्ति गरी १२ महिना सुरक्षित, भरपर्दो तथा निर्बाध सञ्चालनमा ल्याउनुपर्ने चुनौती छ, यसै चुनौतीलाई चिर्दै संघीय र प्रदेश सरकार संगको सहकार्यमा पालिकाले यस आ.व.लाई सडक कालोपत्रे वर्षको रुपमा मनाउने गरि आ.व. २०८१/०८२ को हिउँदे गाउँसभाको निर्णय बमोजिम बहुबर्षीय आयोजना अन्तर्गत विभिन्न सडकहरुलाई कालोपत्रे गर्ने कार्यको थालनी गरेको छ।**
- भौतिक पूर्वाधार क्षेत्रमा खानेपानीका ट्याङ्की निर्माण, कुलो निर्माण, कच्ची नाली निर्माण, नदी नियन्त्रण, भवन निर्माण( सामुदायिक भवन, विद्यालय, स्वास्थ्य केन्द्र ), सडक बत्ती, खेलकुद मैदानका कार्यक्रम रहेका छन। यस्ता भौतिक पूर्वाधारहरुको संख्याको विश्लेषण गर्दा जनसंख्या र भौगौलिक विशिष्टताका अनुपातमा न्युन संख्यामा रहेका छन। एकातिर यी क्षेत्रमा व्यापक लगानी बढाउनुपरेको छ भने लगानीको कमीलाई परिपूर्ति गर्नुपर्ने स्रोतको खोजी गर्नुपरेको छ। साथै यस क्षेत्रमा जनस्तरको माग र गुणस्तरको सन्तुलन कायम गर्ने चुनौती पनि उत्तिकै छ।
- गाउँपालिकाले सुशासन र जनताको सेवालाई छिटोछरितो, पारदर्शी र उत्तरदायी बनाउनका लागि आईटीको अधिकतम उपयोग गरेको छ। नागरिकका सूचना, उजुरी तथा अन्य समस्याको सुनुवाईमा जोड दिन प्रविधि तथा संयन्त्र दुवैको भरपुर प्रयोग गरिएको छ।
- यस क्षेत्रमा पालिकाभित्र हाउस सर्भेदेखि लिएर जिआईएस प्रणाली, जिपिएस सिस्टम, मोबाइल एप्स, पोर्टल, अनलाईन, एप्लिकेशन सम्मका सफ्टवयर प्रयोगमा ल्याई पालिकाको सेवा, रेकर्ड सिस्टम, कार्यशैली, पालिकाका सम्पूर्ण कार्यहरु डिजिटल डाटाकोरुपमा उपयोग गर्दै नागरिकमुखी प्रवधिलाई वित्तीय र प्राविधिक

हिसाबले दिगो र भरपर्दो बनाई जनस्तरमा प्रविधि साक्षरता बनाउन आवश्यक छ । पहुँच, खर्च र औचित्यका आधारमा लाभ लागत विश्लेषण गरी लगानी र प्रविधिको प्रयोगमा सन्तुलन कायम गर्न आवश्यक छ ।

- आन्तरिक राजश्व तर्फ सम्पत्ति, मालपोत, घरबहाल, व्यवसाय कर नै राजस्व मूल स्रोत हुन। एकातिर संघीय सरकारबाट प्राप्त समानीकरण अनुदान, समपूरक अनुदान तथा राजस्व बाँडफाँडका सिलिङ खुम्चेर साँघुरिदै गएका छन भने अर्कोतर्फ पालिकाको आन्तरिक आम्दानीको स्रोतको कराधार कमजोर रहेका छन । स्थानीय तहमा हाल परिचालित श्रोत मुख्यगरी अनुदानमा आधारित रहेको छ र यसमध्ये करीब ६६ प्रतिशत हिस्सा सशर्त अनुदानको रहेको छ । प्रशासनिक हिसाबले साधारण खर्चको शिरोभार चुलिदै गएकोले पुँजीगत बजेट विनियोजनमा चाप परेको छ । त्यसैले आन्तरिक स्रोत परिचालन गरी वित्तीय अन्तरनिर्भरता घटाउनेतर्फ पालिकाले थप बैकल्पिक स्रोतको खोजी गर्नुपर्ने चुनौती छ ।
- **“Act Locally with Learning, Lead Globally with Wisdom.”**भन्ने भावनालाई आत्मसात गर्दै पालिकाबासिको आकांक्षा पूरा गर्न समग्र सामाजिक,आर्थिक पक्षमा परेको प्रतिकूलतालाई समेत सम्बोधन गर्दै देहायका रणनीतिहरु आधार तथा कार्यक्रम तर्जुमा गरिएको छ । पालिकाबासी बुबा, आमा, दाजु भाई तथा दिदी बहिनीहरुबाट व्यक्त भएका जनचाहनाहरुलाई समेट्दै जनचाहना र समग्र पालिकाको आवश्यकता अनुसार नीतिहरु अवलम्बन गरेका छौ ।

**यस सम्मानित सभामा कचनकवल गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम लिएर उपस्थित भएको छु । गाउँसभा सदस्य ज्यूहरु, अव म यस कचनकवल गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**यस वार्षिक नीति तथा कार्यक्रमका निर्देशात्मक अवधारणा निम्न रहेका छन:- :-**

- **स्थानीय जनताको सहभागिता र सुझावमा आधारित नीति निर्माण,**
- **सामाजिक न्याय, समावेशिता, सुशासन र पारदर्शिता,**
- **उत्पादन र रोजगारी सिर्जनामा जोड दिंदै दिगो आर्थिक वृद्धि,**
- **पूर्वाधार विकाससँगै मानव संसाधन र सेवा गुणस्तरमा सुधार,**
- **जलवायु परिवर्तन, विपद् न्यूनीकरण र वातावरण संरक्षण,**

**यस नीति तथा कार्यक्रमका उद्धेश्य तथा प्राथमिकताहरु :-**

- **संविधानको भावना अनुरुप संघ, प्रदेश र स्थानीय तहविचको समन्वय र सहकार्य |**
- **लगानी, जनशक्ति, पूर्वाधार विकास र रोजगारी ।**
- **स्थानीय उत्पादनको बजारीकरण र विपन्न वर्गलाई संरक्षण गरी आय आर्जन ।**

- **सुशासनको अभिवद्धि गर्दै सेवा प्रवाहलाई सेवामैत्री र जनमुखी।**
- **अर्थतन्त्रको पुनरुत्थानका लागि पूर्वाधारमा लगानी, उत्पादन, रोजगारी र वितरण।**
- **बस्ती विकासको रणनीतिक योजना, कार्यक्रम, भू–उपयोग तथा विकास।**
- **शिक्षा, स्वास्थ्य र जनजीविकाको उन्नयन र लगानी।**
- **कृषि, पर्यटक, शैक्षिक तथा औद्योगिक क्षेत्रहरुको विकास एवं प्रवर्द्धन**
- **सरकारी, निजि र सहकारी क्षेत्रविच आर्थिक विकासको लागि समन्वय र सहजीकरण**
- **लैंगिक समानता र समावेशीकरण र दुर्बेयशन मुक्त समाज**
- **खेलकुद र सामाजिक उत्तरदायीत्वमा सकारात्मक र सवल युवा जनशक्ति तयार गर्नु,**
- **आधारभूत सेवामा पहुँच सुनिश्चित गर्नु**
- **उत्पादनमुखी कार्यहरूद्वारा रोजगारी सिर्जना गर्नु**
- **जनउत्तरदायी शासन प्रणाली सुदृढ गर्नु**
- **सामाजिक न्याय, समानता र समावेशीकरणलाई व्यवहारमा उतार्नु**
- **स्थानीय आर्थिक सम्वृद्धिको आधार तयार गर्नु**

## आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम :-

### १) स्वास्थ्य सम्वन्धी नीति :-

- **"सबैको स्वास्थ्य हाम्रो संकल्प, समृद्ध गाउँपालिका हाम्रो लक्ष्य"** भन्ने नाराका साथ सबै नागरिकमा गुणस्तरीय स्वास्थ्य सेवा पहुँच सुनिश्चित गर्दै सम्पूर्ण सेवालाई घरदैलोमा पुर्याउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सेवाको विस्तार र वितरणलाई डिजिटाइजेसन गर्दैं प्रविधिको उपयोग गरिनेछ।
- कचनकवल गाउँपालिका वडा नं. ६ मा निर्माणाधीन १५ शैयाको आधारभूत अस्पतालको निर्माण कार्य संरचनागत निर्माण यसै आ.व मा सम्पन्न गरि अत्याधुनिक प्रविधिहरु सहितको न्युनतम सेवा यसै आ.व. बाट प्रदान गरि नागरिकको आधारभूत स्वास्थ्य उपचार सम्बन्धि हककोलाई प्रत्याभूत गर्ने व्यवस्था मिलाइनेछ|
- सबै स्वास्थ्य संस्थाबाट राष्ट्रिय मापदण्ड बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरु निः शुल्क उपलब्ध गराईने छ।
- **बढ्दो मानसिक स्वास्थ्य सम्बन्धि समस्यलाई ध्यानमा राख्दै उक्त समस्य न्यूनीकरणको लागि मनोसामाजिक परामर्श कार्यक्रम संचालनमा ल्याईनेछ।**

- **'मेरो स्वास्थ्य: मेरो जिम्मेवारी'** सचेतनामूलक कार्यक्रम लागू गरी नागरिकको पोषणयुक्त खानाको उपभोगमा जोड दिइनेछ । यसलाई आधार मान्दै दिगो विकासको लक्ष्य संग पोषणलाई आवद्ध गर्दै पोषणयुक्त समाज निर्माणकोमा ध्यान दिइनेछ।
- **PHC** बनियानीमा**, Ventilator, Ultrasound,X-Ray** जस्ता सेवाहरुलाइ सञ्चालनमा ल्याउने व्यवस्था मिलाईनेछ । साथै संचालनमा आएको **Oxygen Plant को दिगोपनामा ध्यान दिइनेछ।**
- महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम, बालस्वास्थ्य तथा पोषण कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, राष्ट्रिय खोप तथा विशेष खोप, आइरन तथा जुकाको औषधी लगायतका राष्ट्रिय स्तरका कार्यक्रमहरु प्रभावकारी कार्यान्वयनका लागि पालिका स्वास्थ्य नीतिको कार्यान्वयन गरिनेछ ।
- **Health Audit र Feedback सिस्टम सञ्चालनमा ल्याईनेछ ।**
- **गाउँपालिकालाई पूर्ण खोप सुनिस्चित गाउँपालिका घोषणा गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।**
- यस गाउँपालिका, प्रदेश सरकार ( सामाजिक विकास मन्त्रालय) र करुणा फाउन्डेसन नेपाल संगको त्रिपक्षीय लागत साझेदारीमा अपाङ्गता रोकथाम तथा पुन: स्थापना कार्यक्रम लाई निरन्तरता दिइनेछ। उक्त कार्यक्रम मार्फत हरेक नवजात शिशुको जन्मदोष परिक्षण गरि शिशुको स्वास्थ्योपचार, विद्यालयमा रहेका १० वर्ष मुनिका बालबालिकाको स्वास्थ्य परिक्षण र व्यवस्थापन लगायत रोकथामका क्रियाकलापहरुको संचलानका साथै यस पालिका भित्र रहेका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरि शिक्षा, स्वास्थ्य, जीविकोपार्जन, शसक्तिकरण र सामाजिकीकरण लगायत क्षेत्रमा आवश्यक सहयोग प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ |
- सिमान्तकृत तथा विपन्न नागरिकको स्वास्थ्य जिम्मेवारि पालिकाले लिने व्यवस्था मिलाउन उक्त कार्यलाई **गरिब घर परिवार परिचयपत्र वितरण कार्यक्रम संग आवद्ध गरि** विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रमलाई अझ व्यवस्थित र परिष्कृत रुपमा संचालन तथा अभिलेखन गर्न गरिब घर परिवार परिचयपत्र वितरण कार्यक्रमले निर्दिष्ट गरेबमोजिम अति विपन्न सूचीमा परेका तथा रातो कार्ड प्राप्त गरेका नागरिकको स्वास्थ्य बिमा पालिकाले गर्ने कार्यलाई निरन्तरता दिदै **गरिब संग स्वास्थ्य बिमा** कार्यक्रम संचालन गरिनेछ ।

## २. शिक्षा सम्बन्धी नीति :-

- **"सीपयुक्त युवा, शिक्षित समाज – कचनकवलको पहिचान र इतिहास!"** भन्ने नाराका साथ पालिकाको शिक्षा प्रणालीको सुधार गर्दै अब्वल व्यवस्थापकीय कौशलता, शिक्षक क्षमताको विकास, सामुदायिक एवं संस्थागत विद्यालय बीचको भिन्नताको न्युनीकरण, असल अभ्यासहरुको आदान प्रदान र नमुना विद्यालय नीतिलाई निरन्तरता दिइनेछ।

- **"बालवालिकालाई विद्यालय पठाऔँ र पढाईमा लगाऔँ"** कार्यक्रम लागू गरी अभिभावक साक्षरता र सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- **गाउँपालिका क्षेत्रभित्रका विद्यालय नर्सिंग कार्यक्रम संचलान भएका माध्यमिक विद्यालयहरुमा छात्रा स्वास्थ्य परामर्श सेवा केन्द्र स्थापना का लागि विद्यालय नर्सिंग कार्यक्रम संग उक्त परामर्श कार्यलाई आवद्ध गरि छात्रा संग विद्यालय- नर्स कार्यक्रम संचालन गरिनेछ साथै विद्यालय नर्सिंग कार्यक्रम संचलान नभएका विद्यालयहरुमा किशोर किशोरीको स्वास्थ्य सम्बन्धि परामर्शका लागि हप्ताको एकपटक नजिकको स्वास्थ्य संस्था बाट स्वास्थ्यकर्मीहरुले आवश्यक परामर्श दिने गरि किशोर किशोरी संग स्वास्थ्यकर्मी कार्यक्रम यसै आ.व बाट संचालनमा ल्याउनका लागि आवश्यक व्यवस्था मिलाईनेछ।**
- गाउँ पालिकाभित्र रहेका शिक्षण संस्थाको नक्सांकन गरी भूगोल र न्यूनतम विद्यार्थी संख्याको आधारमा STR बमोजिम विद्यालय समायोजन तथा विद्द्यालयलाई मर्जर गरिने नीति अवलम्बन गरिनेछ ।
- **"एक विद्यालय, एक सीप केन्द्र": अन्तर्गत Pilot Project को रुपमा केहि विद्यालयमा कक्षा ६ देखि १० सम्मका विद्यार्थीलाई व्यावसायिक सीपमा परिचालन गर्ने व्यवस्था यसै आ.व. बाट मिलाईनेछ ।**
- **गुणस्तरीय शिक्षाका लागि विद्यालयमा प्राध्यानाध्यापक र विषयगत शिक्षकका बीचमा सूचकसहित कार्यसम्पादन करारलाई नतिजा र मापनयोग्य बनाउने नीति अवलम्बन गरिनेछ।**
- आधारभूत तहमा कचनकवलको गौरब, संस्कृति, सभ्यता, मूल्य मान्यता र एकताको सम्वर्द्धन, नागरिक कर्तव्यसहितको क्षेत्रमा रही स्थानीय पाठ्यक्रम तयार गरी सो अनुसारको पाठ्यपुस्तक निर्माण गरी विद्यालयमा लागू गर्ने कार्यलाई निरन्तरता दिइनेछ साथै कक्षा ६ देखि कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण तथा पाठ्यपुस्तक छपाई यसै आ.व. मा गर्ने गरि आवश्यक व्यवस्था मिलाईनेछ ।
- जिर्ण रहेका सामुदायिक विद्यालयका विद्यालय भवनका छानाहरुलाई प्राथमिकताको आधारमा प्रतिस्थापनको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।
- विद्यालयहरुको समग्र व्यवस्थापन (Total Management ) मूल्यांकनका लागि तेस्रो पक्ष (Third Party Evaluation) लाई परिचालन गरिनेछ ।
- विद्यालयको नियमित पठन पाठनको अलावा बालबालिकाको सर्वाङ्गीण विकास एवं बौद्धिक विकासका लागि प्राविधिक र व्यवहारिक शिक्षामा विशेष जोड दिइनेछ ।
- प्राविधिक विषयमा उच्च माध्यमिक तह अध्ययन गर्ने जेहनदार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्नलाई स्थानीय ऐन तथा कानून बनाई छात्रवृत्ति वितरणलाई व्यवस्थित र पारदर्शी बनाईनेछ ।
- सामुदायिक विद्यालयहरुका विद्यार्थीहरुलाई विपद व्यवस्थापन, सामाजिक स्वयंसेवकको रुपमा कामकाज गर्न तथा आत्मरक्षा एवं कर्तव्यनिष्ठ बनाउन प्रत्येक विद्यालयमा स्काउट कक्षा संचालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

- **"सीप सँगै शिक्षा" कार्यक्रम संचलान का लागि AI (कृत्रिम बौद्धिकता) को प्रयोगका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।**
- शिक्षकहरुको मासिक तलव मासिक रुपमा सम्बन्धित शिक्षककै खातामा EFT मार्फत पठाउने व्यवस्थालाई निरन्तरता दिंदै उक्त व्यवस्थालाई थप बस्तुनिष्ठ र प्रविधिमैत्री बनाउन विद्युतीय हाजिरी प्रणाली संग जोडी उक्त प्रणाली गा.पा कार्यालयबाट अनुगमन गरि सो को मुल्यांकनका सम्बन्धि व्यवस्था मिलाईनेछ ।

## ३. कृषि तथा पशु विकास सम्वन्धी नीति :-

- **कचनकवलको शान : उद्यमशील किसान** भन्ने नारालाई साकार पार्दै कृषि योग्य भूमिको पूर्ण उपयोग गरी कृषि यान्त्रिकरणका माध्यमबाट उत्पादनमा बढोत्तरी गर्ने नीति कार्यान्वयनमा ल्याइनेछ ।
- पशुजन्य उत्पादन वृद्धिका लागि आहारा तथा घाँसखेती प्रवर्द्धन गर्न व्यवसायीक पशुपालन फार्म तथा कृषक समूहहरुलाई घाँसको बिउ तथा बेर्ना उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइनेछ ।
- रैथाने बाली सरक्षण र सम्वर्धन जोड दिइने छ ।
- उत्पादन लागत कम गर्दै उत्पादन अभिवृद्धि गर्न कृषि प्रविधिमा कृषकको पहुँच बढाउन कृषि यन्त्रको प्रयोग मा जोड दिईने छ |
- कम्बाईन्ड हार्वेस्टर, ड्रायर स्थापना, चट्टाल निर्माण जस्ता कार्यक्रम एवम कृषि यान्त्रिकरण कार्यक्रम गर्ने प्रदेश एवम संघीय सरकार सँग समन्वय गरि संचालन गर्ने व्यवस्था मिलाईनेछ |
- कृषि उत्पान र उत्पादकत्व वृद्धि गर्न उत्पादन संग किसान कार्यक्रम अन्तर्गत डिप वोरिङ सिँचाईको महसुल शत प्रतिशत छुट गर्ने व्यवस्था मिलाईनेछ ।
- कृषि उत्पादनमा पानीको महत्वलाई मध्यनजर गर्दै **खेतमा विजुली: कृषकको खुसि कार्यक्रम** अन्तर्गत कृषी विधुतीकरण कार्यक्रममा जोड दिने|
- **आर्थिक उन्नतिको मान : दुधमा आत्मनिर्भर किसान" कार्यक्रमलाई सुनिश्चित गर्न नश्ल सुधार कार्यक्रम अन्तर्गत कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिंदै उक्त कार्यक्रम संचालानको मोड्युल परिवर्तन गर्दै जनशक्ति आउटसोर्सिंग मार्फत उक्त कार्यक्रम संचालन गरि गा.पा अन्तर्गत कार्यरत कर्मचारीहरुलाई उक्त कार्यको अनुगमन तथा अन्य पशु विकास शाखा संग सम्बन्धित कार्यमा खटाई पशु पन्छी विकास शाखा मार्फत संचलान हुने कार्यक्रमलाई थप प्रभावकारी बनाउने व्यवस्था मिलाईनेछ ।**
- फलफुल खेती प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- कृषि उपजको उचित बजारीकरणका निम्ति केचना, बनियानी, बगान, पथरिया र घेराबारीमा कृषि उपज बजार संचालनको लागि आवश्यक संरचानात्मक सुधार गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।

## ४ रोजगारी तथा सीप विकास सम्बन्धी नीति :-

**"मिसन रोजगारी : दिगो रोजगारी र उद्यमशीलता प्रवर्द्धन" भन्ने अभियान अन्तर्गत ,**

- मिशन रोजगारी अन्तर्गत कचनकवल गाउँपालिकाले यस वर्ष दिगो रोजगारी सिर्जना तथा प्रवर्द्धनलाई उच्च प्राथमिकतामा राखेर **"मिसन रोजगारी : दिगो रोजगारी र उद्यमशीलता प्रवर्द्धन अभियान"** संचालन गर्नेछ । यस अभियान अन्तर्गत हाल संचालन भईरहेको सिप विकास, उद्यमशीलता प्रवर्धन, श्रम बजार व्यवस्थापन, लगानी अभिवृद्धि कार्यक्रम लगायतका रोजगारी र उद्यमशीलतासंग सम्बन्धित कार्यक्रमहरुलाई एकीकृत गरेर मिसन रोजगारी कार्यक्रम अन्तर्गत नै निरन्तरता दिइनेछ । रोजगारी सृजनाका क्षेत्र पहिचान, उद्यमशिलाता प्रवर्धन, बैदेशिक रोजगारीबाट फर्केका युवाको सिप सदुपयोग तथा श्रम बजार अनुकुल सिप बिकास कार्यक्रमहरुको निर्माण र कार्यान्वयन गरिनेछ । यसमार्फत गाउँपालिकाले श्रम सिप र रोजगारीको दिगो चक्र निर्माण गर्दै उत्पादनशिलाता, उद्यमशीलता र आर्थिक समुन्नतीको नयाँ आधार तय गर्नेछ ।
- **रोजगार रणनीति निर्माण**:- श्रम बजारको माग, उपलब्ध श्रोत र जनशक्ति, रोजगार प्रवृत्तिको अध्ययन गरि **"गाउँ रोजगार रणनीति"** निर्माण गरिनेछ । गाउँपालिकाले आफ्नै भूगोल, स्रोत र आवश्यकता तथा मागको विश्लेषण गरि गाउँपालिकामा रोजगारीको क्षेत्रमा रहेको अवसर तथा सम्भावनाको पहिचान, समस्याहरुको निदान र रोजगारी श्रृजनाका नवीनतम उपाय र विधिहरुको विकास गर्न **"रोजगार रणनीति"** तयार गरिनेछ ।
- **उद्यमशीलता, श्रम बजार अध्ययन तथा सिप विकास:-** उद्यमशीलताको विकासलाई स्थानीय रोजगारी सृजनाको मुख्य आधार मान्दै स्थानीय श्रोत, सिप र सन्दर्भ अनुकुल लघु तथा घरेलु उद्योग, स्टार्टअप र नवप्रवर्धनशिल उद्यम प्रवर्धन गर्ने नीति तथा संरचनाको विकास गरिनेछ । नागरिकलाई उद्यमी बनाउन र अवसर संग जोड्नको लागि व्यवसायको संवर्धन र उद्यमहरुको द्रुतीकरण मार्फत नवप्रवर्तन, वित्त र प्रविधिमा पहुँच, बजार बिस्तार, आम्दानि वृद्धि जस्ता विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ। सिप विकास तथा तालिम प्रदायक संस्थाहरु र तहगत सरकारहरु संग समन्वय र सहकार्य गरिनेछ ।
- साना तथा घरेलु उद्योगले उत्पादन गरेका सामग्री, महिला उद्यमीका उत्पादन आदिको ब्राण्डीङ प्याकेजिङ र बजारीकरणमा लागि सहयोग तथा सहजीकरण गर्ने व्यवस्था मिलाईनेछ।
- पालिकाका व्यावसाय, सीप र ज्ञान, सोच, सीप भएका व्यक्तिहरुको व्यवसायिक **निपुणता** परीक्षण गरी लगानीमा जोड दिइनेछ ।
- गाउँपालिका भन्दा बाहिर रही स्वेदेश र विदेशमा ख्यातिप्राप्त, दक्ष तथा विज्ञ व्यक्तिहरुको ज्ञान तथा सीपलाई पालिकाको हितमा प्रयोग गर्ने वातावरण तथा संयन्त्र तयार गरिनेछ ।
- अनलाइन बजारीकरण व्यवसाय सञ्चालन गर्न चाहने नागरिकहरुलाई प्रविधिको तालिम तथा प्रविधि निर्माणमा सहजीकरण गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण गर्दै क्षमता विकास तथा उद्दमशीलतातर्फ प्रोत्साहित गरिनेछ ।

- विदेशमा गई फर्केका युवाहरुलाई निजहरुको क्षमता तथा सीपलाई स्थानीय विकासमा प्रयोग गर्न, स्थानीय विकास आयोजना संचलनका लागि तथा अन्य सीपमा आधारित कार्य संचलानमा उक्त जनशक्ति परिचालनका लागि सुरक्षित नागरिक आप्रवासन परियोजना (सामी) संग आवद्ध गर्ने व्यवस्था मिलाईनेछ।
- कलेज तथा स्कुलका विद्यार्थीहरुका लागि 'Internships and On the Job Trainings (OJTs)' को रूपमा कार्य गर्नको लागि कृषि कलेजहरूसँग सम्झौता गरिनेछ।

## ५. पर्यटन सम्वन्धी नीति :-

- **कचनकवल स्तम्भलाई पालिका गौरवको आयोजनाको रुपमा संचालन गरिनेछ |**
- **नेपालको सबैभन्दा होचो भूभाग कचनकवल लाई CAN Model मा Wonderful Nepal's Lowest Place of Kachan Kawal** भन्ने नारालाई साकार पार्न प्रर्वद्धनका लागि सूचना सम्प्रेषण, क्षमता अभिवृद्धि, पूर्वाधार विकास र पहुँच विस्तारजस्ता कार्य सञ्चालनलाई निरन्तरता दिइनेछ |
- **कचनकवल पर्यटकीय स्थलको निर्माणका लागि प्रदेश सरकार र सघीय सरकारको सहकार्यमा पूर्वाधार विकास कार्यक्रमलाई निरन्तरता दिई सम्पन्न गरिनेछ।**
- **"केचना- कन्चनजङ्गा, केचना सगरमाथा" पर्यटन प्रवर्धन र अन्तर स्थानीय तह अन्तरआवद्धताको लागि आवश्यक सहजीकरण गर्न संघीय तथा प्रदेश सरकार संग आवश्यक पहल गरिनेछ।**
- पर्यटन गन्तव्यहरुलाई एकीकृत गरी पर्यटन प्याकेजको निर्माण गरी पर्यटकलाई आकर्षित गर्ने नीति अवलम्वन गरिने छ। लोपन्मुख बाजा तथा संस्कृतिलाई जगेर्ना गर्ने नीति लिइनेछ।
- यस पालिकापालिका भित्रका जातिगत पर्व, लोपोन्मुख बाजा, संस्कार, भेषभुषा, संस्कृतिको संरक्षणको लागि संग्राहलय निर्माण गर्ने नीति अवलम्वन गरिने छ।
- जैविक विविधताले भरिपूर्ण भएको जलथल जंगलको संरक्षण र सम्बर्धन गरी पर्यटनलाई आकर्षित गर्ने कार्यक्रम संचालन गरिने छ |
- **"पालिकाको गौरव, कचनकवलको दिगो विकास संरक्षण र संवर्धनको चाहना : आम कचनकवल वासीको सपना"** भन्ने नारालाई पर्यटन प्रवर्धनमा आवश्यक लगानीको व्यवस्था मिलाउन संघीय एवं प्रदेश सरकार संग पहल गरि सार्थकता दिईनेछ |

## ६. उद्योग तथा श्रम सम्बन्धी नीति :-

- लक्षित वर्गलाई सीप विकास तालिम र रोजगारी एवम आय आर्जन सम्बन्धी विशेष कार्यक्रममा समावेश गरिनेछ।
- पालिकामा रहेको बेरोजगारको तथ्यांक संकलन गरी अभिलेख व्यवस्थापन गरिनेछ र श्रममा आधारित काममा परिचालन गरिनेछ।

- कृषि तथा गैरकृषि उत्पादन, प्रशोधन, रोजगारी सिर्जना र स्थानीय समृद्धिको आधारको रुपमा लघु, घरेलु, साना तथा मझौला उद्यमहरुलाई अभियानको रुपमा विस्तार गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
- स्थानीय वस्तुको उपभोग र उत्पादनमा जोड दिई कृषिजन्य वस्तुको प्रशोधनमा केन्द्रित उद्योग स्थापना गरिनेछ ।

## ७. युवा तथा खेलकूद सम्बन्धि नीति :-

- **नवयुवाको जोश र ज्ञान : कचनकवलको भविष्यको शान** भन्ने नारालाई मनन गरी खेलकूद क्षेत्रको विकास, पूर्वाधारको निर्माण, सिकाई, प्रतियोगिता आदिको आयोजनालाई निरन्तरता दिइनेछ।
- पालिकामा अवस्थित लक्ष्मी रगशालालाई पूर्वाधारयुक्त सुविधा सम्पन्न रंगशाला निर्माणका लागि प्रदेश तथा सघीय सरकारको सहयोगका लागि उचित पहल गरिनेछ ।
- पार्क तथा खुलाक्षेत्र निर्माण गर्दा न्यूनतम मापदण्ड कायम गरी महिला वालबालिका, जेष्ठ नागरिक र फरक क्षमता मैत्री बनाइनेछ ।
- खेलकुद एवं सामाजिक विकासमा युवा भन्ने नाराका साथ स्वयंसेवी युवा अभियान सञ्चालन गर्न युवाको नेतृत्व युवाको अभियान जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

## ८. सहकारी तथा अन्य वित्तीय क्षेत्रसँग सम्वन्धी नीति

- सामूहिक भावना बोकेका पालिका स्थित सहकारी संस्थाहरुको सिद्धान्त तथा मर्म अनुरुप सहकारी मार्फत स्थानीय तहमा उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि अनुगमन, नियमन, विस्तार, प्रशिक्षण सम्बन्धी कार्यक्रम संचालन गरिने छ ।
- स्थानीय सहकारीहरुलाई विधि सम्मत ढंगबाट सञ्चालन गर्न र नियमन गर्न सूचना प्रविधिमा आधारित एकिकृत तथ्याङ प्रणाली (COPOMIS) को प्रयोगमा प्रोत्साहन गरिनेछ ।
- वितीय संस्थाहरुको तथ्यांक अध्यावधिक गर्दै Social Accountability प्रति जिम्मेवार बनाइनेछ ।
- श्रम, साधान सीप र पूर्जीँको अधिकतम परिचालन गर्न वितिय संस्थाहरुसँग साझेदारी गरिनेछ ।
- सहकारी क्षेत्रमा देखिएका समस्या समाधानका लागि COPOMIS प्रणालीको प्रयोग अनिवार्य गर्ने तथा COPOMIS को रिपोर्टको आधारमा प्रोत्साहन तथा अनुदान प्रदान गर्ने नीति अबलम्बन गरिने छ |
- नव: प्रवर्दनलाई प्रोत्साहन गर्न सहकारी संस्थाहरुको संग सहकार्यको नीति अबलम्बन गरिनेछ |
- आय आर्जन वृद्धि तथा कृषि सामाग्री बजारीकरणका लागि सहकारी संस्थाहरु संगको साझेदारीमा कार्यक्रम संचालन गरिनेछ |
- सहकारी संस्थाको दर्ता, नबिकरण कार्यलाई विद्युतिय प्रणालीमा आबद्ध गरिनेछ |

- सहकारी क्षेत्रको प्रवर्धन विकास बाट गाउँको आर्थिक विकासको लक्ष्य पुरा गर्नको लागि सहकारी क्षेत्र मार्फत पुँजी परिचालन गरि सहकारीको उद्देश्य अनुरूपको व्यवसाय प्रवर्धन गर्न सहकारी संस्थालाई प्रवर्द्धन गरिनेछ |
- सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गरी सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन सहकारी संस्थाहरुलाई एकीकरण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ |
- संकटग्रस्त सहकारीलाई संघ, प्रदेश र सम्बन्धित स्थानीय तहसंगको समन्वयमा प्रभावकारी ब्यवस्थापनको लागि संस्थागत प्रबन्ध मिलाई सुधारका आवश्यक कार्य गरिनेछ |
- एक सहकारी एक सदस्यको नीतिलाई पालिका भित्रका सहकारीहरुमा लागु गरिने छ |

## ९. सामाजिक विकास सम्वन्धी नीतिहरु :-

- भिन्न क्षमता भएका व्यक्तिहरु, महिला, दलित, विपन्न, बहिष्करणमा परेका समुदायहरुका लागि त्रि-पक्षीय साझेदारीमा  चेतनामूलक कार्यक्रम संचालन तथा बिस्तार गरिने छ।
- लोपोन्मुख जातिहरु माझी, कुमाल,कर्मकार चमार मेचे सरदार दलित, गन्धर्वहरु आदि विपन्न वर्गहरुको लागि विशेष कार्यक्रम ल्याईनुका साथ उनीहरुको परम्परागत पेसा, कला र संस्कृतिको संरक्षण गरिनेछ।
- **गाउँपालिकाको प्रशासनिक केन्द्र तथा प्रत्येक वडा कार्यालयमा स्तनपान कक्ष स्थापनालाई निरन्तरता दिइनेछ |**
- बाल मैत्री पालिका घोषणा कार्यक्रम संचालन गरिनेछ |
- पालिकाको शान्ति सुरक्षा र अपराध नियन्त्रण गर्न पलिकाको मुटुमा रहेको ईलाका प्रहरी कार्यालय बनियानी स्तर वृद्धिगरि क श्रेणीको ईलाका प्रहरी चौकी स्थापना गर्न तथा गा.पा अन्तर्गत विभिन्न स्थानमा रहेका BOP को स्तरोन्नतिका लागि संघीय सरकार संग पहल गरि जनताले शान्ति सुरक्षाको प्रत्याभूति गर्ने व्यवस्था मिलाईनेछ।
- अपाङ्गताको क्षेत्र अटिजमको लागि श्रोत केन्द्र संचालन गर्नका लागि अन्तरपालिका संग सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ |
- सार्वजनिक संरचनाहरुमा अपाङ्गता मैत्री बनाईने नीति लिईनेछ |
- जिर्ण अवस्थामा रहेका प्रहरी चौकीहरुको क्रमागत स्तर उन्नति एवम निर्माण गर्न संघीय सरकार संग आवश्यक पहल गरिनेछ |
- बनियानी बजार लगायतका अन्य बजार क्षेत्रमा उज्यालो बजार कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ।
- शान्ति सुरक्षाको भरपर्दो प्रत्याभुती नागरिकलाई दिने व्यवस्था गरिनेछ, प्रहरी चौकी तथा सुरक्षा निकायलाई आवश्यक सहयोग गरिनेछ |

## १०. खानेपानी सम्वन्धी नीतिहरु :-

- यस गाउँपालिका अन्तर्गत सबै नागरिकलाई स्वच्छ र गुणस्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता सेवा उपलव्ध गराउन चालु आर्थिक वर्षमा संचालित जलवायु उत्थानशील समाबेसी खानेपानी सरसफाई तथा स्वच्छता (Climate Resilient WASH Plan) योजनालाई अनुमोदन गर्ने, पूर्णता दिन र MIS लाई नियमित अध्यावधिक गर्न आवश्यक बजेट बिनियोजन गरिनेछ ।
- जलवायु उत्थानशील समावेशी खानेपानी सरसफाई तथा स्वच्छता (Climate Resilient WASH Plan) योजना अनुसारका लक्ष्यहरु हासिल गर्नका लागि लगानी वृद्धि, सेवा दक्षता अभिवृद्धि, प्रभावकारिता, सुशासन कायम गर्दै, विद्यमान खानेपानी आयोजनाहरुको स्तरोन्नति, मर्मत र संचालन गर्न बजेट विनियोजन गरि स्वच्छ र गुणस्तरीय खानेपानी सेवा सुनिश्चित गरिनेछ साथै वितरण भईरहेका खानेपानी आयोजनाहरुको शुद्धता परिक्षण गरिनेछ।
- घरायसी स्तरमा खानेपानीको शुद्धीकरण तथा स्वच्छता सम्बन्धि व्यवहार परिवर्तनका लागि महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाको क्षमता अभिवृद्धि गरि समुदायमा जनचेतनामूलक अभियानका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।
- खानेपानीको स्रोत संरक्षण तथा उपयुक्त पुर्वाधार विकास गरी Water Governance मा केन्द्रित रही खानेपानीको आपुर्ति व्यवस्था मिलाइनेछ।
- सिंचाइ योजनालाई ब्यवस्थित गर्नुका साथै नयाँ खानेपानी विस्तार गर्दा भूमिगत पानीका लागि डिप बोरिङमार्फत गर्ने नीतिलाई निरन्तरता दिइनेछ । साथै भूमिगत खानेपानीका श्रोतहरुको पहिचान गरि संरक्षण गरिनेछ।

## ११. संस्कृति प्रवद्र्धन सम्वन्धी नीतिहरु :-

- माझी, दलित, गन्धर्व, मेचे, राजवंशी, मुस्लिमहरुको संस्कृति संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- विभिन्न जाति र भाषीको साँस्कृतिक सम्पदाको अध्ययन तथा तथ्याङक संकलन गरी डकुमेन्ट्री निर्माण गरिनेछ ।
- स्थानीय संस्कृति तथा सम्पदामा विचलन पुर्याउने सवैखाले अवाञ्छित गतिविधिलाई रोकथाम, नियन्त्रण र नियमन गरिनेछ ।
- प्राचीन इतिहास तथा मिथक बोकेका चौतारा, धारा, पाटीपौवा तथा पोखरीहरुको पुनर्निमार्ण तथा जीर्णोदार गरिनेछ ।
- **भूतेश्वर शिवालय ,डाँगीबारी, अभिमुक्तेश्वर, लागायतका विभिन्न शिवालय मन्दिरहरु, एवं विभिन्न स्थानमा इदगाह मर्मत सम्भारको लागि आवश्यक रकम व्यवस्थापन गरिनेछ ।**

## १२. पूर्वाधार विकास सम्वन्धी नीतिहरु :-

- पालिका क्षेत्रभित्र तथा बाहिर यातायातको सुविधा पुर्याउन गाउँपालिका यातायात गुरुयोजना ( RMTMP-Rural Municipal Transport Master plan) लाई समयानुकुल परिमार्जन सहित कार्यान्वयनको व्यवस्था मिलाईनेछ ।
- सहरी तथा ग्रामीण क्षेत्रमा सडक तथा यातायातको पहुँच विस्तार गर्दा पानीका श्रोत, वनजंगल, प्राकृतिक स्रोत तथा धार्मिक क्षेत्र प्रतिकूल असर नहुने गरी गरिनेछ ।
- पालिका जोड्ने तथा बजार प्रवर्धन गर्ने सडकको स्तरउन्नति गर्दै उत्पादन लाई बजार जोड्ने नीति अवलम्बन गरिनेछ |
- **स्थानीय तह प्रदेश तथा संघीय सरकार विचको समन्वयमा ठुला तथा गौरवका योजना कार्यान्वयनमा जोड दिईनेछ |**
- प्रत्येक वडाका सडक, खानेपानी, सिञ्चाई र फोहोर व्यवस्थापन गर्न रणनैतिक योजना निर्माण कार्यान्वयन गरिने ।
- पालिकाको सवै वडाहरुमा ठूला योजनाहरु सडक, खानेपानी, सिञ्चाई एवं अन्य पूर्वाधार निर्माण गरि व्यवस्थित रुपमा कार्य गरिने छ । पालिकाभित्रका पूर्वाधार निर्माण गर्दा वडास्तरीय, पालिकास्तरीय र प्रदेश तथा संघस्तरीय योजना गरी तीन तहमा वर्गीकरण गरी कार्यान्वयन गरिने छ ।
- पालिकाभित्रका आयोजनाहरुलाई वहुबर्षीय र प्राथमिकता तोक्न सूचकसहित वस्तुपरक र वैज्ञानिक मापदण्ड बनाइनेछ ।
- मध्यकालीन खर्च संरचना, योजना र बजेटका बीचमा तालमेल मिलाई पुँजीगत खर्च प्रणालीमा सुधार गरिनेछ ।
- **“कचनकवल बासीको विकासको आधार: कालोपत्रे सहितको सडक पूर्वाधार ” अभियान संचालन गरि यस वर्ष कचनकवल गाउँपालिकामा सडक पूर्वाधार निर्माण वर्षको रुपमा मनाउन बन्दैछ कचनकवल विशेष कार्यक्रम संचालन गरिनेछ ।**
- **दिगो र रणनीतिक सडकहरुको विकास र बिस्तारमा जोड दिइनेछ र सडक पूर्वाधार निर्माण गर्दा सडकको रेखांकन, नक्सांकन तथा सडकमा सूचना बोर्ड जडान कार्यका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।**
- पालिकाका महत्वपूर्ण योजना संचालन गर्दा प्रदेश सरकार संघीय सरकार र गैर सरकारी संस्था र साझेदार एवम दात्री निकाय बाट साझेदारीमा योजना संचालन गर्ने व्यवस्था मिलाईनेछ |
- पालिकामा जिर्ण अवस्थामा रहेका सार्वजनिक सम्पत्तिको व्यवस्थापन तथा संवर्धनको लागि **मर्मत सम्भार कोष**मा उचित बजेट व्यवस्थापन गरिनेछ साथै यस कोषबाट पालिका स्तरीय कुनै **आपतकालीन पूर्वाधार**को निर्माण गर्नुपर्ने भएमा सो कार्यमा समेत खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

- संघीय सरकारको **विशेष अनुदान** बाट, बनियानी बजारको स्तरोन्नति गरिनेछ साथै संघीय सरकार एवं प्रदेश सरकार बाट प्राप्त हुने **समपुरक अनुदान** रकम बाट गा.पा संगको ५०/५० % रकमको साझेदारीमा वडा नं.१ र ३ मा सडक कालोपत्रे योजना संचालन गरिनेछ ।

## १३. भवन तथा शहरी विकास सम्वन्धी नीति :-

- यस पालिकावाट पास गरिने नक्साहरुलाई प्रविधि संग आवद्ध गरिने छ ।
- **सम्पूर्ण बजारहरुमा सार्वजनिक शौचालयको निर्माण गरिनेछ |**
- **पुराना घरहरुको अभिलेखीकरण कार्यको लागि प्रोत्साहन गरिनेछ |**

## १४.सूचना प्रविधि तथा सञ्चार सम्वन्धी नीतिहरु :-

- सेवा प्रवाहलाई प्रविधिमैत्री बनाई Paperless Governance को अवधारणा विकास गरिनेछ ।
- गाउँपालिका, वडा कार्यालय र स्वास्थ्य चौकीहरुको कार्यलाई दुरुस्त, प्रभावकारी तथा प्रविधिमैत्री बनाउन विभिन्न सफ्टवेयर तथा Office Automation System लागु गरी कामकार्वाहीलाई अगाडी बढाईने छ ।
- गाउँपालिकाको केन्द्र सर्भरका अति संवेदनशील Data हरुलाई सुरक्षित राख्न नयाँ थप प्रविधिहरुको प्रयोगमा जोड दिईने छ साथै केन्द्र सर्भरलाई २४औं घण्टा सुचारु राख्न थप पावर ब्याकअप र इन्टरनेट व्याकअप जडान गरिनेछ ।
- स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यलाई मजबुत गरिने छ ।
- स्थानीय तहको विकास र स्थानीय सरकारको भिजन तथा हालसम्मका उपलब्धिहरुलाई सधै भरी स्मरणीय राख्नको लागि गुणस्तरीय DSLR Camera, Drone Camera, Camera Person तथा स्क्रिप्ट र निर्देशनको उत्कृष्ट संयोजन गरी यस पालिकाको एउटा प्रभावकारी (Documentary Video) निर्माण गर्नको लागि आवश्यक पहल गरिने छ ।
- कचनकवल गाउँपालिका कार्यालय र मातहतका सबै वडा कार्यालय, स्वास्थ्य चौकी तथा मुख्य बजारहरुमा CCTV Camera जडान गरी नियमित अनुगमन गर्ने प्रणाली विकासका लागि आवश्यक बजेट व्यवस्थापनमा जोड दिईने छ ।
- गाउँपालिका अन्तर्गत रहेका कार्यपालिका सदस्यज्यूहरु, पालिका शाखा कर्मचारीहरु, वडाका कर्मचारीहरु तथा सामुदायिक विद्यालयका प्र.अहरुलाई ICT सम्बन्धी तालिम संचालनका लागि पहल गरिने छ ।
- गाउँपालिका कार्यालयमा डिजिटल सूचना पाटीको सिस्टम प्रयोगमा ल्याईने छ ।

- स्थानीय पत्रपत्रिका तथा एफ.एम रेडियो संचालनलाई प्रोत्साहन गरिनेछ।
- कचनकवल गाउँपालिका लागि Digital Village Profile (डिजिटल पाश्वचित्र) प्रणाली लागु गरी अध्यावधिक गरिने छ।
- कचनकवल गाउँपालिका अन्तर्गत सबै सामुदायिक विद्यालयहरुमा CCTV र ई-हाजिरी व्यवस्थापन गरी सम्बन्धित डाटा पालिकाबाटै अनुगमन गरिने छ।
- कचनकवल गाउँपालिकाको विभिन्न स्थानहरुमा Free Wifi जडान गर्न आवश्यक व्यवस्था गरिनेछ।
- गाउँपालिकालाई सूचना प्रविधिमैत्री बनाउन नयाँ नयाँ प्रविधिको प्रयोग गरिनेछ।

## १५. वन, वातावरण, भूमि तथा भू.संरक्षण सम्वन्धी नीति :-

- जैविक प्रविधि (Bio – Engineering) माजोड दिई सडक, खोला खोल्सामा वृक्षारोपण, बाँस रोपण, रुख तथा बाँसद्धारा तटवन्धन, वृक्षरोपण आदि कार्य गरिने छ।
- वातावरण संरक्षणका लागि अन्य सरकारी निकाय र विकास साझेदारसँग समन्वय गरी कार्य अगाडि वढाईने छ।
- पालिका क्षेत्रभित्र संचालित ठूला आयोजनाहरुको निर्माणमा वातावरणीय प्रभाव मूल्यांकन र Bio Engineering को प्रविधि अनिवार्य रुपमा अवलम्बन गरिने छ।
- सामुदायिक वन तथा निजि वनको संरक्षण संवर्धनमा वन क्षेत्रको उत्पादकत्व वृद्धि गर्ने, ट्याङरी लहरको व्यवस्थापन, हात्तीको आहारा व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ|
- जैविक विविधता संरक्षण गर्दै पालिकाको अन्तरिक आय वृद्धि गर्ने केचना पोखरी, बडो केचना झिल जस्ता सिमसार क्षेत्रको संरक्षण सम्वर्धन र विकास गरिनेछ|
- रुख कटान सम्बन्धि तथ्यांकलाई व्यवस्थित र पारदर्शी बनाई अभिलेखन गर्न गा.पा क्षेत्रभित्र रहेका वन समुहले रुख कटान अनुमति लिंदा वडा मार्फत गा.पा मा सिफारिस भई गा.पा को वन, वातावरण तथा विपद व्यवस्थापन शाखा मार्फत डिभिजन वन कार्यालयमा रुख कटान अनुमतिका लागि सिफारिस गर्ने गरि संस्थागत प्रवन्ध मिलाईनेछ।
- उपभोक्ता वन समूहहरुसँगको सहकार्यमा जैविक विविधता संरक्षण,पर्यावरण, वातावरण संरक्षण, तथा कार्वन उत्सर्जन नियन्त्रण तथा दिगो विकासको लक्ष्य हासिल गर्न तथा आय आर्जनको क्षेत्रमा कार्य गर्न उपभोक्ता वन समूहहरुसँग रहेको कोषको परिचालनलाई प्रभावकारी बनाउन सहकार्यको नीति अबलम्बन गरिनेछ।
- भूक्षय तथा नदि कटान कार्यलाई नियन्त्रण गर्न नदि नियन्त्रण तथा वृक्षरोपण कार्यक्रम, नदि उकास जमिनको संरक्षण र सम्बर्धन गर्ने कार्य गरिनेछ|

- पालिकाको फोहोर मैला को दिर्घकालिन व्यवस्थापनको लागि दिर्घकालिन फोहोरमैला व्यवस्थापन नीति निर्माण गरि फोहोरमैला व्यवस्थापन क्षेत्रको पहिचान गरि वातावरण अध्ययन प्रतिवेदन तयार पारिनेछ |
- जङ्गली हात्तीको प्रभावकारी व्यवस्थापनको लागि विभिन्न वन समुह संग सहकार्य गरिनेछ ।

**१६. सरसफाई तथा विपद व्यवस्थापन सम्वन्धी नीतिहरु :-**

- विकास साझेदार संस्थासँग सार्वजनिक ढल व्यवस्थापन, दिसाजन्य, लेदो व्यवस्थापन कार्य अगाडि बढाइनेछ ।
- वर्षको एकपटक गा.पा अन्तर्गतका सम्पूर्ण बजारहरुको नाला सरसफाई कार्यक्रम संचालन गरिनेछ ।
- पालिकाभित्र फोहोरमैला विर्सजन हुने प्रशोधन व्यवस्थापन केन्द्र तथा संकलन विन्दु तय गर्दा वातावरण विग्रन नदिने गरी साइट छनौट गरिनेछ ।
- पालिकावासीकै सहभागितमा फोहोर उत्पादन कम गर्ने तथा पुन प्रयोग गर्न जनचेतनामुलक कार्यक्रमलाई टोलटोलसम्म विस्तार गरिनेछ ।
- तोकिएका मापदण्ड बाहेकका प्लाष्टिक उत्पादन र प्रयोगमा प्रतिबन्ध र प्लाष्टिकजन्य पदार्थ पुनः प्रयोगको नीति अवलम्बन गरिनेछ ।
- वैकल्पिक उर्जाको रुपमा सौयै उर्जा, शून्य फोहोर मैलाको रुपमा बायो ग्याँसको विकास गरिने छ साथै नविकरणीय उर्जाको प्रयोगमा जोडदिने नीति अवलम्बन गरिनेछ ।
- विपद र महामारीको पूर्व तयारी Response का लागि वडास्तरको समेत प्रतिनित्व हुने गरी प्रतिवर्ष टोली पुर्नगठन र क्रियशिल गराइने छ ।
- विपद जन्य जोखिम तथा प्रकोप् नक्सांकनको कार्य अघि बढाउनको लागि **प्रकोप/ विपद व्यवस्थापन कोषमा** आव्श्यक रकम विनियोजन गरिनेछ ।
- विपद व्यवस्थापनलाई प्रभावकारी र द्रुत बनाउनको लागि प्रत्येक वडामा उद्धार समितिको गठन गरी सुरक्षा समिति संगको समन्वयमा विपद टास्क फोर्स गठन तथा परिचालन गरिनेछ ।
- विपद व्यवस्थापनका लागि विभिन्न संघ तथा सरकारसँग सहकार्य गरी साझेदारीमा प्रभावकारी रुपमा संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

**१८ . सामाजिक उतरदायित्व सम्वन्धी नीतिहरु:-**

- गाउँसभा संचालन ऐन,२०७५ मा उल्लेखित मर्यादा पालन सम्बन्धि विविध विषयहरुलाई कडाईका साथ पालनामा जोड दिईने छ ।
- जननिर्वाचित प्रतिनिधिहरुका लागि आचारसंहिताको परिपालनामा जोड दिइनेछ ।
- संविधान तथा प्रचलित कानुन र समाजिक मान्यताले तोकेका आचारसंहिता तथामा न्यतालाई आत्मसात गरिनेछ ।

- लोकतन्त्र, विधिको शासन तथा जननियन्त्रित कार्यप्रणालीलाई सम्मान गरिनेछ।
- न्यायमा जनताको पहुँच अविवृद्धि गर्न गाउँ टोल स्तरमा कानुनी सचेतना कार्यक्रम, मेलमिलाप कर्ता उत्त्पदन तालिम, न्यायिक समितिको क्षमता विकास, अनुभव आदनप्रदान तथा मेलमिलाप कर्ताहरुको क्षमता विकास कार्यक्रम संचालन गरिनेछ |
- **न्यायमा सबैको समान पहुँच सुनिस्चित गर्न यसै आ.व. मा गा.पा स्तरीय मेलमिलाप केन्द्रको स्थापनाको लागि आवश्यक व्यवस्था मिलाईनेछ।**

## १९. मानव पुँजी विकास तथा संस्थागत क्षमता विकास सम्वन्धी :-

- पालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त, विश्वसनियता, क्षमतायुक्त र प्रभावकारी वनाउदै अत्यावश्यक रिक्त दरवन्दीहरुमा प्रचलित कानुन अनुसार पदपूर्ति गरिने छ।
- सुशासन तथा संस्थागत विकासको लागि आवश्यक कानून, नियम, विनियमावली, कार्यविधि निर्माण गरी आदेशको एकात्मकता (Organizational Chain Of Command ) कायम गरिने छ।
- पालिका र वडाका सवै कर्मचारीहरुको कार्य विवरण अनुसार कार्यसम्पादन गरिने छ र मासिक रुपमा कार्य प्रगतिको प्रतिवेदन पेस गर्ने व्यवस्था गरिनेछ।
- लक्ष्य तथा नतिजामा आधारित कार्यसम्पादन सम्झौता ( Result Based Performance ) को शुरुवात गरिनेछ।
- पालिकाको कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शी एवं सेवाग्राहीमैत्री तुल्याउन डिजिटल शासन (Digital Governance) मा जोड दिईनेछ।

## २०. राजस्व परिचालन सम्वन्धी :-

- पालिकाको आर्थिक रणनीति तयार गरि **समृद्धि हाम्रै पालामा** भन्ने नारा अनुरुप आर्थिक समृद्धिका योजनाहरु तयार गरि लागु गरिनेछ |
- **"मैले तिरेको कर : कचनकवल निर्माणको भर"** भन्ने नारालाई आत्मसाथ गर्दै करका दायरालाई समयसापेक्ष विस्तार गरिनेछ।
- आन्तरिक आयमा सवल वनाउन राजश्वमा सुधार गर्न राजस्व सुधार कार्ययोजनाको प्रतिवेदनका आधारमा सम्भाव्यता अध्ययन गरिनेछ।
- संविधानमा उल्लेखित राजस्वका एकल वा साझा कार्यसूची सम्बन्धमा कानुन तर्जुमा गरि राजश्वका नयाँ श्रोतहरुको पहिचान गरिनेछ।

- **"जसको योगदान उसको सम्मान कार्यक्रम"** मार्फत करदाताको सम्मानका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।
- **राजश्व संकलन प्रणालीलाई व्यवस्थित र समयसापेक्ष बनाउन तथा एकीकृत गर्न गा.पा अन्तर्गतका सबै कर संकलन केन्द्रहरुमा यसै आ.व. बाट SUTRA को Revenue Model बाट राजश्व संकलन प्रणाली अनिवार्य प्रयोगमा ल्याईनेछ ।**
- आन्तरिक आय वृद्धि गर्न व्यवसाय कर तथा सम्पत्ति कर सम्बन्धी कानुन तर्जुमा गरिनेछ । यसै आ.व. लाई कर सहभागिता वर्षको रुपमा अगाडि वढाई पालिका भित्रका सम्पुर्ण करयोग्य व्यवसायलाई करको दायरामा ल्याईनेछ ।
- पालिकाभित्रका नागरिकहरुलाई स्वयम कर घोषणा कार्यक्रमतर्फ प्रेरित गरिनेछ । बहाल बिटौरी तथा विज्ञापन करसम्बन्धी सभ्माव्यता अध्ययन गरी लागू गरिने छ ।
- आन्तरिक स्रोतको अभिवृद्धिका लागि पूर्वाधारको विकास गरि सेवा शुल्कमा आवद्ध गरिने कार्यलाई निरन्तरता दिइनेछ ।
- ढुङ्गा–गिट्टी, बालुबा, रोडा, माटो, ग्राभेललगायतका नदीजन्य पदार्थ, हाटबजारलगायतका पालिकापालिकाका सम्पत्तिको रुपमा रहेका राजस्वका स्रोतहरुको पहिचान गरी ठेक्कापट्टा लगाउने काम तोकिएको समयमै सम्पन्न गरिनेछ ।
- सबैभन्दा धेरै कर दाखिला गर्ने करदातालाई "उत्कृष्ट करदाता"को रुपमा पुरस्कृत गरिनेछ । सबै आर्थिक तथा व्यापारिक क्रियाकलापहरुलाई करको दायरामा ल्याई आन्तरिक आम्दानीको दायरालाई फराकिलो बनाईनेछ ।
- अपाङ्गता भएका व्यक्तिले सञ्चालन गरेको व्यवसायमा कर छुटको व्यवस्था गरिनेछ।
- वैज्ञानिक कर प्रणालीलाई व्यवस्थित गरिनेछ करका क्षेत्रको सूक्ष्म अध्ययन गरी दिगो प्रणाली लागू गरी पालिकाको आन्तरिक आय लाई मजबुत गरीनेछ।

## २१. सुशासन सम्वन्धी नीतिहरु :-

- पालिकाको कार्यप्रगतिको नियमित सार्वजनिकीकरण गरी पारर्दशिता प्रणालीको विकास गरिनेछ ।
- **"आन्तरिक लेखा परीक्षण"** लाई प्रभावकारी बनाई आन्तरिक नियन्त्रण प्रणालीमा सुधार ल्याइनेछ ।
- रणनैतिक तथा स्थानीय गौरवका आयोजनालाई बहुवर्षीय रुपमा बजेट बिनियोजन गरी पूँजीगत खर्चको न्यूनतम ७० प्रतिशत रकम चैत्र मसान्त भित्रै खर्च गर्ने सुनिश्चिताका लागि पालिकापालिकाको आन्तरिक नियन्त्रण परिचालन गरिनेछ ।
- प्राकृतिक न्यायको सिद्धान्तमा आधारित रही स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७ मा तोकिएको क्षेत्राधिकारभित्र रही न्याय सम्पादन गरिने छ । न्यायिक समितिको काम कारवाहीलाई र सर्वसाधारणको पहुँचमा पु¥याईने छ ।

- सूचक तथा परिणामको चेकलिष्ट तयार गरी वार्षिक कार्यक्रम तथा योजना अनुगमन गरिनेछ। योजनाहरुको अनुगमन प्रणालीमा स्थानीय सरोकारवालाहरुको सहभागितालाई समेटिनेछ।
- पालिका कार्यपालिकालाई अत्याधुनिक प्रशासनिक केन्द्रको रुपमा विकास गर्दै बगैचा, विद्युतीय पुस्तकालय, फ्रि वाईफाई सुविधाहरु उपलब्ध गराई सौन्दर्यकरण( Beautification) गरिनेछ।
- चालु खर्चको मापदण्ड बनाई गैरबजेटरी नियन्त्रणमा जोड दिइनेछ।सार्वजनिक खर्चलाई नतिजासँग आबद्ध गर्न मध्यकालीन वित्तीय खाकासँग आबद्ध गरिनेछ।
- पालिकाको नीति तथा योजना, MTEF, आवधिक योजना र बार्षिक रणनीति योजनालाई नतिजाखाका (Result matrix) बाट संयोजन गरिनेछ।
- वित्तीय जोखिम न्यनीकरणका लागि आन्तरिक प्रणाली विकास विकास गरिनेछ। आयोजनाको आर्थिक सामाजिक लाभ विश्लेषण गरी आयोजना बैक स्थापना गरिनेछ।
- पालिकाको राजस्वको संकलन, कार्यकुशलता, कराधार पहिचान, विस्तार क्षमताको कार्य गरिनेछ।
- स्थानीय उत्पादन र समृद्धिमा जोड दिने गौरवका आयोजनाहरुमा जोखिम न्यनु हुने गरी सार्वजनिक ऋणको स्रोत पहिचान र सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणलाई प्रभावकारी रुपमा अगाडि वढाईनेछ साथै लेखापरीक्षणलाई सार्वजनिक सुनवाईमा नियमित गरिनेछ|
- बेरुजुको बढ्दो दरलाई नियन्त्रण गरि बेरुजु नियन्त्रणलाई बान्छित सिमामा राख्दै, **शुन्य बेरुजु** भएको पालिका निर्माणको लागि बेरुजु घटाउने सम्बन्धि कार्यमा खटिने कर्मचारीहरुलाई उचित प्रोत्साहनको व्यवस्था मिलाईनेछ।

## २२. युवा विकास सम्बन्धी नीतिहरु :-

- मानवीय पूँजीको ( Human Capital) रुपमा युवा वर्गको साहस, सिर्जनाशीलता, आत्मविश्वास, उद्यमशीलताको स्वीकार गर्दै पालिकाको क्षेत्रगत (Spital) विकासमा परिचालन गरिनेछ।
- विभिन्न संघ संस्थाहरुको सहकार्यमा युवा केन्द्रित लैङ्गिक समानता र सशक्तिकरण, लागुऔषध दुर्व्यसन, सकारात्मक सोंच, मनोसामाजिक परामर्श जस्ता कार्यक्रम संचालन गरिनेछ।
- पालिकाभित्र प्रतिभाको पहिचान (Talent Hunt) गर्दै क्षमतावान र कुशल नागरिकहरुलाई दक्ष र योग्यताका लागि लगानी गरिनेछ।
- युवा उद्यमशीलता अनुसन्धानमूलक कार्यक्रममा संलग्नता गराइनेछ। युवा प्रतिभा उद्यमीको सम्मान गरिनेछ।
- खेलकूद, सामाजिक विकास, वातावरण संरक्षण विपत, प्रकोप व्यवस्थापन सामाजिक तथा आर्थिक रुपान्तरण लगायतका क्षेत्रमा स्वयंसेवकको रुपमा युवाहरु परिचालन गरिनेछ।
- स्वयंसेवाको महत्वलाई समाज, टोल र बस्तीस्तरमा स्थापित गरी स्वयंसेवाको दायरालाई सामाजिक जीवनका अन्य आयामहरुमा विस्तार गरी समुदायस्तरबाटै स्वयमंसेवी क्रियाकलापहरु अगाडि बढाइनेछ।

## २३. अन्य नीतिहरु :-

१) विकासका सिकाई र अनुभव आदन प्रदान तथा भगिनी सम्बन्ध स्थापित गरिनेछ |

२) पालिकाको बौद्धिक सम्पतीको संरक्षणमा जोड  दिईनेछ |

३) दिगो विकासका लक्ष्य हासिल गर्दै समृद्ध कचनकवलको विकास गर्न बृहत कचनकवल परियोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

अन्त्यमा,

जनाधारको अभिमत र सामाजिक तथा आर्थिक परिवर्तनलाई रुपान्तरणको खाकातिर लैजाने कार्य सोचसहित आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । प्रस्तुत नीति तथा कार्यक्रम कचनकवलको भविष्यको मार्गदर्शक दस्तावेज  हो । पालिकालाई समृद्ध बनाउन सबै पालिकाबासीको आ–आफ्नो ठाउँमा उत्तिकै महत्वपूर्ण भूमिका छ । यो नीति तथा कार्यक्रम सरकारी, गैरसरकारी, निजी, सहकारीलगायत विकासका सबै साझेदार वा पक्षधरको लागि मार्ग चित्र हो । पालिकाको विकास सबैको विकास हो । यसैले विकास निर्माणका काममा आ–आफ्नो क्षेत्रबाट सहयोग पुर्याउन र रचनात्मक सुझाव, सल्लाह दिन हामी पालिकाबासीलाई हार्दिक आग्रह गर्दछौं । हामीले पालिकाबासीबाट प्राप्त रचनात्मक सुझाव, सल्लाहलाई सधैं आत्मसात गर्नेछौं । विकास निर्माणका काममा हामीहरु सबैको एउटै दृष्टिकोण हुनुपर्छ भन्नेमा हामीहरु दृढ छौं । । केन्द्रीय, प्रादेशिक, क्षेत्रगत र स्थानीय योजनाबीच तादाम्यता कायम गरी पालिकाको सर्वाङ्गीर्ण विकास र समृद्धिको स्पष्ट दृष्टिकोण सहितको दीर्घकालिन योजना निर्माणको पथमा हामी छौ ।

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट उच्चदरको आर्थिक वृद्धि, माहामारीको असर न्यून, सामाजिक आर्थिक क्षेत्र गतिशील भै आर्थिक वृद्धि र पारस्पारिक सम्मान र अवसर सहित सामाजिक न्याय कायम हुनेछ । यो नीति तथा कार्यक्रम कार्यान्वयनमा सवैबाट सक्रिय सहयोग हुने विश्वास लिएको छु । अन्तमा कचनकवलको समग्र विकासमा योगदान गर्ने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नीजि, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, सञ्चार जगत लगायत सम्पूर्ण दिदिबहिनी दाजुभाई तथा विकास साझेदार संस्थाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु |

**कालेन्द्रप्रसाद सिंह राजवंशी**
**अध्यक्ष**
**कचनकवल गाउँपालिका**